# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक २७१ | काठमाडौं | मंगलबार, १६ माघ २०८० | Prabhab National Daily | Tuesday, January 30, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


अप्ठेरोमा एकीकृत समाजवादी

## नेतामा हुट्हुटी, कार्यकर्ता टिकाउन हम्मे

कम्तीमा १५ जिल्लाका अध्यक्षसहितको टिम एमालेमा फर्किए

शीर्ष नेतामा पार्टी बनाउने हुट्हुटी तर नेता कार्यकर्ता एमालेमा

■ जेबी योञ्जन

**काठमाडौं–** नेकपा एमालेबाट अलग भएका नेताहरूबाट गठित नेकपा एकीकृत समाजवादी अप्ठेरो स्थितिमा छ । स्थानीयदेखि केन्द्रीय नेतासम्मका नेताहरू पार्टी छाड्दै एमालेमा गइरहेका छन् । कतिपय जिल्लाहरूको त सिंगो कमिटी नै एमालेमा विलय भइसकेका छन् । राजनीतिक भविष्य पार्टीमा नदेखेपछि नेता कार्यकर्ताहरू लाखापाखा लाग्ने क्रम जारी छ ।

तर, यसलाई सामान्य ठान्छन्– एकीकृत समाजवादीका सांसद शेरबहादुर कुँवर । उनका अनुसार जीवन्त पार्टीमा पार्टी छाड्ने र आउने क्रम चलिरहन्छ । उनले पार्टीलाई बलियो शक्तिको रूपमा स्थापित गर्ने जमर्को भइरहेको पनि बताए । 'यो पार्टीलाई कसरी बलियो बनाउने ? २०८४ सालमा एक्लै चुनाव लड्नेगरी कसरी जाने ? यसमै चिन्तित छौं,' उनले प्रभावसँग भने ।

गत वर्षको ४ मंसिरमा भएको चुनावबाट 'थ्रेस होल्ड' पार गर्दै एकीकृत समाजवादी राष्ट्रिय दल बन्न सकेन । चुनावअघि भने पार्टी अध्यक्ष माधवकुमार नेपाल र सम्मानित नेता झलनाथ खनाल भाषणवाजीको क्रममा जनताबाट बहुमतसहित संसद्मा आउने दाबी गर्थे । जनताले भने चुनावबाट राष्ट्रिय दलका लागि आवश्यक मत दिएनन् । यसपछि नेता कार्यकर्ताहरू पार्टीको भविष्यलाई लिएर चिन्तित छन् ।

स्रोतका अनुसार सम्मानित नेता खनाल नै पार्टीलाई एमालेसँग एकता गराउन चाहन्छन् । उनी इलाम–२ का प्रतिनिधिसभा सदस्य सुवासचन्द्र नेम्बाङको गत भदौमा निधनपछि रिक्त रहेको उक्त क्षेत्रमा हुने उपचुनाव एमालेबाट लड्ने मनस्थितिमा रहेको स्रोतको दाबी छ । त्यसका लागि उनी पार्टीलाई सकेसम्म छिटो एमालेमा विलय गराउने पक्षमा छन् ।

पूर्वमन्त्रीसमेत रहेका सांसद कुँवर पनि कुनै पनि दलसँग एकीकृत समाजवादीले एकता गर्न सक्ने बताउँछन् । तर, एमालेसँग एकता नै गर्नेगरी छलफल भने नभएको बताए । 'नेपाली कम्युनिस्ट आन्दोलनमा विग्रह र मिलाप दुवै इतिहास छ ।

(क्रमशः पृष्ठ २ मा)



यो पार्टीलाई कसरी बलियो बनाउने ? २०८४ सालमा एक्लै चुनाव लड्नेगरी कसरी जाने ? यसमै चिन्तित छौं ।

■ शेरबहादुर कुवर
सांसद, एकीकृत समाजवादी



आफ्नै बलबुताका साथ अगाडि बढ्ने तयारी गरिरहेका छौं । हामी न एमालेसँग विलय हुन्छौं न माओवादीसँग । छुट्टै अस्तित्वका साथ एकीकृत समाजवादी अगाडि बढ्छ ।

■ मेटमणि चौधरी
सांसद, एकीकृत समाजवादी

एनसेल सेयर खरिदबिक्री प्रकरण प्रतिवेदन

# सम्झौता अस्वाभाविक, सतीशलालको वित्तीय क्षमता देखिएन

■ प्रभाव संवाददाता

काठमाडौं– दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको सेयर खरिद–बिक्री अस्वाभाविक देखिएको निष्कर्षसहित छानबिन समितिले प्रतिवेदन बुझाएको छ । पूर्वमहालेखापरीक्षक टंकमणि शर्मा नेतृत्वको एनसेल सेयर खरिदबिक्री अध्ययन तथा छानबिन समितिले प्रधानमन्त्री पुष्पकमल दाहाललाई सोमबार साँझ प्रतिवेदन बुझाउँदै द्विपक्षीय सम्झौता समान व्यावसायिक व्यवहारको सिद्धान्तविपरीत भएको जनाएको छ ।

'आजियाटा ग्रुप बर्हाड र स्पेक्ट्रालाइट युकेबीच १ डिसेम्बर २०२३ मा भएको एनसेल आजियाटाको सेयर खरिदबिक्री सम्झौतामा उल्लिखित कारोबार समान व्यावसायिक व्यवहारको सिद्धान्तमा आधारित भएको नदेखिएको, बिक्रीकर्ता पक्ष हावी भई खरिदकर्ता पक्षमा स्वाभाविकभन्दा बढी सर्तहरू राखेको,' प्रधानमन्त्रीलाई बुझाएको गोप्य भनिएको प्रतिवेदनमा भनिएको छ, 'सेयर बिक्रीपश्चात् वर्षौंसम्म पनि बिक्रेताले आफूले बिक्री गरेको कम्पनीको लाभांश लैजान पाउने, मुद्दा गर्न पाउने, कम्पनीको ऋण तथा दायित्वसमेत बिक्रीकर्तामा नहुनेजस्ता सर्तहरू उल्लेख भएको देखिएकोले उक्त सम्झौता स्वतन्त्र ढंगले भएको स्वाभाविक सम्झौता मान्न सकिने देखिएन ।'

सात वर्षअघि एक खर्ब ४४ अर्ब रूपैयाँमा एनसेलको ८० प्रतिशत सेयर खरिद गरेको मलेसियाको आजियाटा कम्पनीले हालै नेपाली संस्थापक रहेको बेलायती कम्पनी स्पेक्ट्रेलाइट युकेलाई जम्मा छ अर्ब ५० करोड रूपैयाँमा बिक्री गरेपछि यो विषय विवादमा आएको हो । रिट निवेदनमा कानुनी प्रक्रियालाई मिचेर मुलुकलाई हानि पुग्नेगरी अपारदर्शी ढंगले एनसेलको सेयर खरिदबिक्री भएको उल्लेख गरिएको थियो । यसअघि, उच्च अदालत पाटनले अल्पकालीन अन्तरिम आदेश जारी गरी सेयर खरिदबिक्री प्रक्रिया रोक्नका लागि आदेश गरेको थियो ।

बेलायती कम्पनी स्पेक्ट्रेलाइट युकेका सञ्चालक सतीशलाल आचार्य हुन् । उनीसँग प्रधानमन्त्री दाहालको 'हिमचिम' रहेको आरोपसमेत लाग्ने गरेको छ । यसबारे दाहालले प्रस्ट पार्दै आफूमात्र नभएर कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी ओली पनि सिंगापुर पुग्दा सतीशलालकहाँ बस्ने गरेको बताए । 'बेलायतमा कम्पनी खडा गरेका भनिएका ती मान्छेलाई म चिन्छु । यो भ्रम नहोस् मलाई थाहै छैन भन्ने हैन । मेरो श्रीमती बिरामी भएको बेला दुईपटक सिंगापुर गएको छु । तिनै साथीकोमा बसेको पनि छु म,' दाहालले संसदीय समितिमा भनेका थिए, 'शेरबहादुर देउवा जाँदा पनि बस्नुभएको छ । केपी ओली जाँदा पनि बस्नुभएको छ । हाम्रो बीचमा कुरा पनि हुन्छ ।' प्रधानमन्त्री दाहालसमेत यस प्रकरणमा जोडिएको आरोप लागेपछि यसबारे छानबिन समिति बनाउन मन्त्रिपरिषद् तातेको थियो ।

मंसिर २१ गतेको निर्णयबाट एनसेलको सेयर खरिदबिक्री भएको सम्बन्धमा अध्ययन तथा छानविन गरी ३० दिनभित्र सुझावसहितको प्रतिवेदन पेस गर्नका लागि पूर्वमहालेखापरीक्षक शर्माको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको थियो । अध्ययन तथा छानविनको क्रममा पूर्वनिर्धारित समय अपुग भएपछि पुस २४ गते मन्त्रिपरिषद्ले माघ १५ गतेसम्म समितिको म्याद थप थपेको थियो ।

समितिको प्रतिवेदन बुझ्दै प्रधानमन्त्री दाहालले सरकारलाई मद्दत पुग्ने किसिमले सुझाव आएको विश्वास गरे । 'धेरै गम्भीर र संवेदनशील विषय हो । आम जनताले र बुद्धिजीवीदेखि राजनीतिक दलले चासोका साथ हेरिएको विषय हो ।

(क्रमशः पृष्ठ २ मा)



**प्रधानमन्त्री पुष्पकमल दाहाललाई सोमबार प्रतिवेदन बुझाउँदै छानबिन समिति ।** *तस्बिरः रासस*

- सेयर बिक्रीपश्चात् वर्षौंसम्म पनि बिक्रेताले आफूले बिक्री गरेको कम्पनीको लाभांश लैजान पाउने, मुद्दा गर्न पाउने, कम्पनीको ऋण तथा दायित्वसमेत बिक्रीकर्तामा नहुनेजस्ता सर्तहरू उल्लेख भएको देखिएकोले उक्त सम्झौता स्वतन्त्र ढंगले भएको स्वाभाविक सम्झौता मान्न सकिने देखिएन
- आकर्षक मुनाफा कमाइरहेको अवस्थामा आजियाटाले १ डिसेम्बर २०२३ मा जारी गरेको विज्ञप्तिमा नेपालमा व्यावसायिक वातावरण अनुकूल नभएको भनी लगाएको आरोप तथ्यहीन
- खरिदकर्ताको प्राविधिक सक्षमता र करोडौं ग्राहक रहेको टेलिकम कम्पनी सञ्चालन गर्न आवश्यक वित्तीय क्षमतासमेत सबल देखिएन

सन्दर्भः वैदेशिक रोजगार

## युएईमा 'जब फेयर' गर्दै वैदेशिक रोजगार संघ

विचौलिया निषेध र रोजगारदातासँग सीधा सम्पर्क स्थापित गर्ने लक्ष्य

■ मोहनप्रसाद पन्त

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले संयुक्त अरब इमिरेट्स (युएई)मा वैदेशिक रोजगारसम्बन्धी मेला 'युएई जब फेयर' गर्ने भएको छ। अबुधाबी डाइलगको अवसर पारेर फेब्रुअरी १५ (फागुन ३ गते) युएईमा जब फेयर गर्न लागिएको संघले जानकारी दिएको छ ।

संघको आह्वानमा सोमबार बसेको विभिन्न घटक व्यवसायी संघका प्रतिनिधिहरूको भेलाले युएईमा जब फेयर गर्ने निर्णय गरेको संघका महासचिव मेघनाथ भुर्तेलले बताए । 'युएईमा अलिपछि जब फेयर गर्ने कि भन्ने थियो,' उनले भने, 'अबुधाबी डाइलगको अवसर पारेर सम्बन्धित सरकारी संयन्त्रको समन्वय र सुझावका आधारमा फेब्रुअरी १५ मै आयोजना गर्ने निर्णय गरियो ।'



वैदेशिक रोजगारीमा जाने कामदारहरूको हितलाई मध्यनजर गर्दै विचौलिया निषेध गरी रोजगारदातासँग सीधा सम्पर्क स्थापित गर्ने उदेश्यले जब फेयर गर्न लागिएको महासचिव भुर्तेलले प्रस्ट पारे । युएईपश्चात् युरोपमा पनि जब फेयर अयोजना गरिने उनले जानकारी दिए ।

संघमा निर्वाचित भएर आएदेखि नै युरोप, मलेसिया र खाडी मुलुकमा वैदेशिक रोजगारसम्बन्धी मेला गर्ने योजना बनाइएकोमा पहिलोपटक युएईमा मेला आयोजना गर्ने अवसर मिलेको उनको भनाइ छ । 'हामीले पहिलो जब फेयर मलेसियामा गर्ने तयारी गरेका थियौं । केही चरण सम्बन्धित मुलुक र निकायसँग छलफल भए पनि कामदारको मागमा आएको कमीका कारण उपयुक्त देखिएन,' महासचिव भुर्तेलले भने, 'अर्कोतिर अबुधाबी डाइलगमा सरकारका मन्त्री, सचिव, वैदेशिक रोजगार महाशाखा प्रमुखलगायत सम्बन्धित सरकारी संयन्त्र नै युएईमा रहेका बेला जब फेयर गर्नु उचित हुने हाम्रो दूतावासको राय पनि भएकाले मिति तय गरिएको हो ।'

जब फेयरमा युएई सरकारका प्रतिनिधि, ठूला रोजगारदाता कम्पनी, चेम्बर अफ कमर्सलगायत विभिन्न व्यावसायिक संघसंगठनको सहभागिता रहने बताइएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## अजरबैजान र पोल्याण्ड पठाइदिने भन्दै ठगी गरेको अभियोगमा पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा पठाउने बहानामा रकम संकलन गरी ठगी गरेको अभियोगमा दुईजना पक्राउ परेका छन् । अजरबैजान र पोल्याण्ड पठाइदिने भन्दै बेरोजगार युवाहरूसँग रकम संकलन गरी फरार रहेको आरोपमा रामशरण शिवाकोटी र ग्रिसविलाश जोशीलाई प्रहरीले पक्राउ गरेको हो ।

बाराको कोल्हवी नगरपालिका–४ घर भएका ३३ वर्षीय शिवाकोटीले मिराकल कन्सल्टेन्सी सञ्चालन गरी युनिसा आले मगर, राजन प्रसाईंसमेतलाई वैदेशिक रोजगारीका लागि अजरबैजान पठाई एक प्रतिष्ठित कम्पनीमा मासिक दुई लाख रूपैयाँ तलब प्राप्त हुने प्रलोभन देखाएर ३३ लाख दुई हजार रूपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ। पीडितसँग पैसा लिएर सम्पर्कविहीन भएको अवस्थामा खोजतलास गर्दा उनलाई भारतको सीमानजिक गड्डाचौकीबाट पक्राउ गरिएको प्रहरीले बताएको छ । प्रहरी अनुसन्धानबाट शिवाकोटीले थुप्रै युवालाई ठगी गरेको खुल्न आएको छ । निजले फ्रान्स, स्पेन, युक्रेनलगायत देशमा पठाउने भनी धेरै व्यक्तिसँग रकम लिएको खुल्न आएकोले ठगीमा परेकाहरूलाई वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न पनि प्रहरीले आग्रह गरेको छ।

(क्रमशः पृष्ठ २ मा)


जनहितमा जारी सन्देश

जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने

कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं

आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रुपमा हिटर बन्द गरौं

गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### सम्झौता अस्वाभाविक...

समितिका सदस्यहरूले धेरै मिहेनत गरेर बुझाउनुभएको छ। समयमै बुझाउनुभयो। तपाईंहरूले पक्कै पनि गम्भीर अध्ययन गरेर सरकारलाई मद्दत हुने किसिमले नै प्रतिवेदन ल्याउनुभएको विश्वास छ,' दाहालले भने।

### आजियाटाको आरोपको खण्डन, सतीशलालको वित्तीय क्षमता देखिएन

प्रतिवेदनमा अजियाटाको आरोपको खण्डन गरिएको छ। गत डिसेम्बर १ मा आजियाटाले नेपालमा लगानीको वातावरण नभएको आरोप लगाएको थियो। समितिको प्रतिवेदनमा नेपालमा बढी मुनाफा पाएर पनि तथ्यहीन आरोप लगाएको उल्लेख छ।

'एनसेलको मातृ कम्पनी आजियाटा बर्हाडले दूरसञ्चार सेवाको क्षेत्रमा लगानी गरेका नेपालबाहेकका मुलुकहरूको तुलनामा नेपालमा बढी प्रतिशतले करपछिको मुनाफा आर्जन गरेको देखिएको हुँदा आकर्षक मुनाफा कमाइरहेको अवस्थामा आजियाटाले १ डिसेम्बर २०२३ मा जारी गरेको विज्ञप्तिमा नेपालमा व्यावसायिक वातावरण अनुकूल नभएको भनी लगाएको आरोप तथ्यहीन रहेको,' प्रतिवेदनमा भनिएको छ।

यसैगरी एक करोड ३० लाखभन्दा बढी सिमकार्ड वितरण गरी मोबाइल सेवा प्रदान गरिरहेको एनसेलको नयाँ सेयर खरिदकर्ताको सञ्चालन गर्न आवश्यक वित्तीय क्षमतासमेत नदेखिएको आरोप लगाइएको छ। 'खरिदकर्ताको प्राविधिक सक्षमता र करोडौं ग्राहक रहेको टेलिकम कम्पनी सञ्चालन गर्न आवश्यक वित्तीय क्षमतासमेत सबल नदेखिएको,' सतीशलालमाथि आशंका गर्दै प्रतिवेदनमा भनिएको छ।

### यस्तो छ समितिको १० बुँदे संक्षिप्त प्रतिवेदन

१. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८० मंसिर २१ गतेको निर्णयबाट एनसेलको अधिकांश सेयर खरिदबिक्री भएको सम्बन्धमा अध्ययन तथा छानविन गरी ३० दिनभित्र सुझावसहितको प्रतिवेदन पेस गर्नका लागि पूर्वमहालेखापरीक्षक टंकमणि शर्मा दंगालको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन भएको थियो। अध्ययन तथा छानविनको क्रममा पूर्वनिर्धारित समय अपुग भएकोमा मन्त्रिपरिषद्को मिति २०८० पुस २४ गतेको निर्णयबाट माघ १५ गतेसम्म समितिको म्याद थप भएकोमा थपिएको म्यादभित्रै सरकारले दिएको कार्यादेशबमोजिम समितिले अध्ययन तथा छानविनको कार्य सम्पन्न गरी तयार पारेको प्रतिवेदन नेपाल सरकारलाई बुझाएको।

२. समितिले अध्ययन तथा छानविनको क्रममा नेपाल दूरसञ्चार प्राधिकरण, उद्योग विभाग, ठूला करदाता कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंकबाट आवश्यक कागज, प्रमाण, सेयर खरिद बिक्री सम्झौता प्राप्त गर्ने, विभिन्न टेलिकम कम्पनीहरूको वेबसाइटबाट आवश्यक विवरणहरू संकलन गर्ने, संघीय संसद्का विभिन्न समितिहरूबाट प्राप्त निर्देशनहरू अध्ययन गर्ने, विज्ञ विशेषज्ञहरूसँग छलफल गरी राय सुझाव लिने, स्थलगत निरीक्षण गर्ने र सम्बन्धित पक्षहरूलाई समितिमा नै उपस्थित गराएर र भर्चुअल माध्यमबाट समेत सोधपुछ गर्ने समेतका कार्यहरू गरी त्यसको अध्ययन तथा विश्लेषण गरिएको।

३. नेपालमा दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेल आजियाटा (साबिकको स्पाइस सेल प्रा.लि.) वि.सं.२०५८ सालमा स्थापना भएदेखि यस कम्पनीको हालसम्म १४ पटक सेयर तथा स्वामित्व खरिद बिक्री भएकोमा ती खरिद बिक्रीमा धेरैजसो कारोबारहरू नेपालबाहिर नै अफसोररूपमा भएको तर उक्त कारोबारहरूसँग सम्बन्धित लेनदेनका अभिलेख तथा विवरणहरू कम्पनीले नेपालका आधिकारिक निकायहरूमा पेस गरेको नदेखिएको। कतिपय नेपाली सेयरधनीहरूको कारोबारको भुक्तानी नेपालको बैंकिंक प्रणालीबाट नभई देशबाहिर समेत भएको देखिएको।

४. एनसेलले हालसम्म १ करोड ३० लाखभन्दा बढी सिमकार्ड वितरण गरी मोबाइल सेवा प्रदान गरिरहेको र हालसम्म कर र गैरकर राजस्व गरी नेपाल सरकारलाई करिब ३ खर्ब २ अर्ब रूपैया बुझाएको देखिएको।

५. एनसेलले नेपालमा व्यवसाय शुरू गरेदेखि हालसम्म जम्मा ८ करोड रूपैंया विदेशी लगानी र २ करोड रूपैंया स्वदेशी लगानी गरेको तथा रू. १ खर्बभन्दा बढी नाफा कमाई विभिन्न शीर्षकमा ६८ अर्ब रूपैंयाभन्दा बढी रकम विदेश लगेको देखिएको।

६. एनसेल आजियाटाले नेपाल सरकार समेतलाई कर र गैरकर गरी तिर्नु, बुझाउनु पर्ने ८५ अर्ब रूपैंयाभन्दा बढी रकमको विषय विभिन्न तहका अ•, अदालतहरूमा मुद्दाकारूपमा विचाराधीन रहेको देखिएको।

७. एनसेलको मातृ कम्पनी आजियाटा बर्हाडले दूरसञ्चार सेवाको क्षेत्रमा लगानी गरेका नेपाल बाहेकका मुलुकहरूको तुलनामा नेपालमा बढी प्रतिशतले करपछिको मुनाफा आर्जन गरेको देखिएको हुँदा आकर्षक मुनाफा कमाइरहेको अवस्थामा आजियाटाले १ डिसेम्बर २०२३ मा जारी गरेको विज्ञप्तिमा नेपालमा व्यावसायिक वातावरण अनुकूल नभएको भनी लगाएको आरोप तथ्यहीन रहेको।

८. आजियाटाले इन्टरनेसनल सेन्टर फर सेटलमेन्ट अफ इन्भेस्टभेन्ट डिस्प्युट ट्रिब्युनलमा मध्यस्थको लागि दाबी पेस गर्दा राज्य पक्षबाट वैधानिक अपेक्षा उल्लंघन गरेको आरोप लगाएकोमा सो ट्रिब्युनलले नेपालले वैधानिक अपेक्षा सिर्जना हुनेगरी कुनै कार्य गरेको प्रमाण आजियाटाले पेस गर्न सकेको नदेखिँदा वैधानिक अपेक्षाको उल्लंघन भएको नदेखिएको, स्वच्छ र समन्यायिक व्यवहार भएन भन्ने आजियाटाको दावी पनि स्थापित नभएको भनी निर्णय गरेको अवस्थामा उक्त कम्पनीले त्यस्तै प्रकृतिका आरोपहरू पुनः दोहोऱ्याएर विज्ञप्ति प्रकाशन गर्नु तथ्यसंगत नदेखिएको।

९. आजियाटा ग्रुप बर्हाड र स्पेक्ट्रालाइट युकेबीच १ डिसेम्बर २०२३ मा भएको एनसेल आजियाटाको सेयर खरिद बिक्री सम्झौतामा उल्लिखित कारोबार समान व्यावसायिक व्यवहारको सिद्धान्तमा आधारित भएको नदेखिएको, बिक्रीकर्ता पक्ष हावी भई खरिदकर्ता पक्षमा स्वाभाविकभन्दा बढी सर्तहरू राखेको, सेयर बिक्रीपश्चात वर्षौंसम्म पनि विक्रेताले आफूले बिक्री गरेको कम्पनीको लाभांश लैजान पाउने, मुद्दा गर्न पाउने, कम्पनीको ऋण तथा दायित्वसमेत बिक्रीकर्तामा नहुनेजस्ता सर्तहरू उल्लेख भएको देखिएकोले उक्त सम्झौता स्वतन्त्र ढंगले भएको स्वाभाविक सम्झौता मान्न सकिने नदेखिएको।

१०. वार्षिकरूपमा नै अर्बौं मुनाफा आर्जन गरिरहेको नेपालकै ठूलो दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेल आजियाटाले विज्ञप्तिमार्फत सार्वजनिक गरेको सेयर कारोबारको व्यावसायिक मूल्य र सम्झौताका सर्तहरू स्वाभाविक नदेखिएको, खरिदकर्ताको प्राविधिक सक्षमता र करोडौँ ग्राहक रहेको टेलिकम कम्पनी सञ्चालन गर्न आवश्यक वित्तीय क्षमतासमेत सबल नदेखिएको।

■■■

### नेतामा हुट्हुटी ...

यद्यपि, हामीले एमालेसँग मिल्नुपर्छ वा मिल्नु हुँदैन भनेर बहस छेडेका छैनौं,' उनले भने, 'नेकपा माओवादी केन्द्रसँग पनि त्यस्तो बहस भएको छैन। हामी आत्तिने स्थिति छैनौं।'

पार्टी सानो हुँदा प्रदेशदेखि संघीय सरकारसम्मै एकीकृत समाजवादीको कमजोर उपस्थिति छ। राजनीतिक भागबण्डामा गठबन्धनकै ठूला दल नेपाली कांग्रेस र माओवादीले हस्तक्षेप गर्दै आएका छन्। राष्ट्रिय सभा चुनावमासमेत यी दुई दलले मनोमानी गरेको भन्दै एकीकृत समाजवादीका नेता नेपालले गुनासो गरेका थिए। तर, कांग्रेस-माओवादीले जति सिट दिए, त्यतिमै चित्त बुझाउनुको विकल्प एकीकृत समाजवादीसँग रहेन। अन्ततः दुई सिटमा चुनाव लडेर जित्यो। यसरी सत्ता कमजोर उपस्थिति र शक्ति क्षिण हुँदै गएको स्थितिमा पार्टीका नेता कार्यकर्ताहरू एमालेमा फर्किने सिलसिला नरोकिएको हो।

एमाले फर्किने एसका पछिल्ला नेता गोपाल बम हुन्। मुगाली नेता बम पूर्वसांसद हुन्। एमाले अध्यक्ष केपी शर्मा ओली निवास बालकोट गएर गत ४ मंसिरमा खादा लगाएर एमालेमा फर्किएका थिए। त्यसका दुई महिनाअघि मात्रै १३ असोजमा नवलपुर जिल्लाको सिंगो टिमले पार्टी परित्याग गरेका थिए। उनीहरू सबै एमालेमा फर्किए।

पार्टी अध्यक्ष नेपाल र सम्मानित नेता खनालपछि तेस्रो वरीयतामा रहेका नेता मुकुन्द न्यौपाने पनि एमालेमा फर्किएको वर्षदिन नाघ्यो। उपाध्यक्ष केदार न्यौपाने र सचिव भागवत विश्वासीसहित ३० भन्दा बढी केन्द्रीय सदस्य र १५ जिल्ला अध्यक्षहरू नै एमालेमा फर्किइसकेका छन्। पार्टीमा क्रमशः क्षयीकरण भइरहेको छ। धेरै नेता कार्यकर्ता निष्क्रिय भएर बसेका छन्। पार्टी केन्द्रमा चलायमान देखिए पनि तल्लोस्तरका कमिटी सक्रिय छैन।

पार्टीका सांसद तथा पूर्वमन्त्री मेटमणि चौधरी एकीकृत समाजवादी एमाले वा अन्य कुनै दलसँग विलय नहुने बताउँछन्। 'आफ्नै बलबुताका साथ अगाडि बढ्ने तयारी गरिरहेका छौं। केन्द्रीय परिषद् बैठकको म्यान्डेट पनि त्यस्तो छ। त्यसैले हामी न एमालेसँग विलय हुन्छौं न माओवादीसँग,' उनले भने, 'छुट्टै अस्तित्वका साथ एकीकृत समाजवादी अगाडि बढ्छ।'

सांसदद्वय कुँवर र चौधरीको अभिव्यक्ति सुन्दा उनीहरूमा पार्टी बनाउने हुट्हुटी अझै देखिएको छ। तर, धरातलीय यथार्थमा टेकेर भन्नुपर्दा नेता कार्यकर्ताहरूको एमालेमा ह्वारह्वार्ती प्रवेश छ। यसले नेताहरूको अभिव्यक्ति र कार्यकर्ताहरूको मनस्थितिमा तादम्यता मिलेको देखिएको छैन।

हाल एकीकृत समाजवादी सत्तारुढ गठबन्धनको एउटा महत्त्वपूर्ण साझेदार हो। २ भदौ २०७८ मा एमालेबाट नेपाल-खनालसहितका नेताहरूले यो दलको गठन गरेका हुन्। दलीय मान्यता पाएको भने सोही महिनाको ९ गते हो। ओली निरंकुश र सर्वसत्तावादी र प्रतिगमनकारी नेता भएको भन्दै उक्त पार्टीमा रहन नसक्ने निष्कर्षसहित उनीहरूले नयाँ दल घोषणा गरेका हुन्।

दल गठनअघि भने नेताहरू अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे, योगेश भट्टराई, गोकर्ण विष्ट, घनश्याम भुसाल, भीम आचार्य, अमृत बोहरा र रघुजी पन्तलगायत नेताहरू नेपाल-खनाल कित्तामै थिए। तर, पछि एकीकृत समाजवादीमा आएनन्। एमालेमै रहे।

यस्तो अवस्थाबीच हाल एकीकृत समाजवादी समाजवादी मोर्चाको एउटा घटक बनेको छ। विचार मिल्ने पार्टी समूहसँग एकताका लागि कार्यदल नै गठन गरेको छ। तर, कार्यदल निचोडमा भने पुगेको छैन। जसले गर्दा एकीकृत समाजवादीको एकता प्रक्रियामा गएर मजबुत शक्ति बन्ने तात्कालिक योजना साकार हुनेमा कतिपयको शंका छ। यहीबेला एमालेमा नेता कार्यकर्ताहरूको प्रवेश ह्वारह्वार्ती भइरहँदा नेताहरूमा भने पार्टी बनाउने हुट्हुटी देखिएका छन्।

■■■

### युएईमा 'जब फेयर'...

संघले जब फेयरमा सहभागी हुन चाहने इजाजतपत्र प्राप्त व्यावसायिक संस्थाहरूको नामावली संकलन गर्ने तयारी भइरहेकाले छिटोभन्दा छिटो आफ्नो विवरण बुझाउन व्यवसायीलाई आग्रह गरेको छ।

युएई नेपालीहरूको आकर्षक रोजगार गन्तव्यमध्येको एक हो। चालु आर्थिक वर्षको सुरूआतबाटै युएई नेपाली कामदारहरूको प्रमुख गन्तव्य बनेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ। चालु आर्थिक वर्षको छ महिनामा झण्डै ८५ हजार नेपाली रोजगारीका लागि श्रम स्वीकृति लिएर युएई पुगेका छन्।

■■■

### अजरबैजान र पोल्याण्ड ...

यसैगरी काठमाडौं महानगरपालिका २९ घर भई हाल हाँडीगाउँ बस्ने ४३ वर्षीया जोशीले सुस्मिता थापालाई मासिक दुई लाख रूपैयाँ तलब हुने गरी पोल्याण्डको एक प्रतिष्ठित होटलमा वेटरको काम लगाइदिने भन्दै ठगी गरेको बताइएको छ। जोशीले पीडितबाट पटक-पटक गरी छ लाख रूपैयाँ लिएर सम्पर्कविहीन भई ठगी गरेको प्रहरीले उल्लेख गरेको छ। फरार अवस्थामा रहेका जोशीलाई जमलबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेका दुवैजनालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए।

---

कर्णाली प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य सेवा निर्देशनालय**
स्वास्थ्य सेवा कार्यालय
मान्म, कालिकोट

## सेवा करारमा लिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८० माघ १६ गते मंगलवार)

स्वास्थ्य सेवा कार्यालय कालीकोट अन्तर्गत कालीकोट अस्पताल लागि देहाय बमोजिमका तहका पदहरुमा देहायको संख्या र योग्यता भएका प्राविधिक कर्मचारी सेवा करारमा लिनु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दिनको २:०० बजे सम्म दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

| विज्ञापन नं. | पद नाम | तह | सेवा/समूह | माग संख्या |
|---|---|---|---|---|
| ३-०८०/०८१ | फिजियोथेरापी सहायक | ५ | स्वास्थ्य/फिजियोथेरापी | १ |
| ४-०८०/०८१ | हेल्थ असिस्टेन्ट | ५ | स्वास्थ्य/हे.इ. | १ |
| ५-०८०/०८१ | नेत्र सहायक (Ophthalmic Assistant) | ५ | स्वास्थ्य/अप्थाल्मिक साईन्स | १ |
| ६-०८०/०८१ | रेडियोग्राफर | ५ | स्वास्थ्य/रेडियोग्राफी | १ |
| ७-०८०/०८१ | फार्मेसी सहायक | ५ | स्वास्थ्य/फार्मेसी | १ |
| ८-०८०/०८१ | अ.हे.व. | ४ | स्वास्थ्य/हे.ई.क | १ |

नोटः थप जानकारीको लागी यस कार्यालयको वेभ साईट हेर्न तथा मोवाईल नं. ९८४८३३५०६० मा सम्पर्क गर्न हुन

नि. स्वास्थ्य सेवा व्यवस्थापक


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SEKAWAN SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/१०/१५ LT. No.298954 चलानी नं. ६०२१३९४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 17 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २३ गते (6th Feb. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Dulsco Human Resources Pvt. Ltd.** श्रम ईजाजत नं. ५००/०६१/०६२

Om Nagar-9, Sinamagal, Ktm, Nepal. Tel: +977-1-4111227, 4111228, 4111229, 4543010
Mobile: 9702290841, 9803202140, 9815039898, 9841423329



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HABEEB MOHAMMED AL OMRAN CARPENTRY WORKSHOP

पुर्व स्वीकृति मितिः २०८०/१०/१४ LT. No. 298882 चलानी नं. ६०२१३९१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Assembler | 1 | 0 | 1200 | ४२,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : ADWAA HANEEN TRADING EST

पुर्व स्वीकृति मितिः २०८०/१०/१४ LT. No. 298883 चलानी नं. ६०२१३९१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | food and beverage counter worker | 2 | 0 | 1200 | ४२,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २३ गते (6th Feb. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Al Amal Overseas Pvt. Ltd.**

Govt. License No. 1345/074/075

Samakhusi-26, Kathmandu, Nepal +977-1-4360015, 4366061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com
Website : alamaloverseas.com


---

# Kawasoti Municipality
## Office of the Municipal Executive
### Gandaki Province, Nepal

## Invitation for Bids

**Date of Re-Tander publication; 30th Jan, 2024 (2080/10/16 BS)**

1. Kawasoti Municipality invites Elotronic Bids from eligible bidders for the following works,

| Identification NO. | Description of work, Location of work | Cost of Bidding Document Nrs. (aantarik rajsawa khata) | Bid Bond Amount Nrs. (cason Dharauti Khata) or 120 days bank BID BOND | Last Date and Time of Bid Purches | Last Date and Time of Bid Submission | Bid opening Date and Time | Estimate Amount (With VAT) |
|---|---|---|---|---|---|---|---|
| 02/KM/EB/2080-081 goods(RE-T) | Supply,Delivery and Procurement of Miscellaneous Items, Kawasoti Municipality Office, Nawalparasi(East) | 1000/- | 59,817.51/- | 13th Feb, 2024(2080/11/01 BS) 5:00 PM | 14th Feb.,2024 (2080/11/02 BS) 12:00 Noon | 14th Feb,2024 (2080/11/02 BS) 2:00 PM | 19,93,917.24 |

2. Eligible Bidders may obtain further information from office of Kawasoti Municipality (Kharid ekai phone no 9847428193 at office time) or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Kawasoti municipality, Dharauti Account no. 3200100303000003 Ra.ba bank, branch kawasoti and Aantarik Rajsawa Account no. 3200100301010003 Ra.ba Bank, branch kawasoti.

Chif Administrative Officer

# कञ्चनपुरमा 'सिकलसेल एनिमिया' रोगको जोखिम



**दोधारा चाँदनी (कञ्चनपुर)**– पछिल्लो समय कञ्चनपुर पनि सिकलसेल एनिमिया तथा थालेसिमिया रोगको जोखिममा रहेको छ । रानाथारु समुदायमा यो रोगको जोखिम देखिएपछि जिल्ला स्वास्थ्य कार्यालयले निःशुल्क स्वास्थ्य शिविरबाट एक हजार ५५० जनाको रगत परीक्षण गरेको थियो । त्यसमा ४६ जनामा सिकलसेल एनिमिया रोग देखिएको छ ।

स्वास्थ्य कार्यालयका सिकलसेल एनिमिया तथा थालेसिमिया रोगसम्बन्धी स्रोत व्यक्ति सिद्धराज भट्टका अनुसार कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका, बेदकोट नगरपालिका र भीमदत्त नगरपालिकामा परीक्षण गरिएकामध्ये १९९ मा बाहक (ट्रेट) देखापरेको थियो । 'बाहक (ट्रेट) देखापरेका १९९ जनाको रगतको अन्तिम जाँच गर्दा ४६ जनामा सिकलसेल एनिमिया भएको पुष्टि भएको छ,' भट्टले भने, 'त्यसमध्ये १२ जनामा गम्भीर खालको रोग देखिएको छ ।'

उनका अनुसार बाहक देखिएका १९९ मध्ये २२ महिला र २४ पुरुषमा सिकलसेल एनिमिया रोग देखिएको हो । उनले बाहक (ट्रेट) देखापरेका महिला तथा पुरुषले विवाह गर्दा रगत परीक्षण गरेरमात्रै गर्नुपर्ने बताए । 'बाहक( ट्रेट) देखापरेका महिला र पुरुषले विवाह गरे उनीहरूबाट जन्मिने व्यक्ति पनि रोगी जन्मन्छ,' उनले भने, 'त्यसैले विवाह गर्नुभन्दा पहिले रगत परीक्षण गरेरमात्रै विवाह गर्नु उपयुक्त हुन्छ ।'

केही समयअघि नेपाल सरकार, स्वास्थ्य अनुसन्धान परिषद्सँग त्रिभुवन विश्वविद्यालय ट्रफल अनुसन्धान प्रयोगशालाले गरेको अनुसन्धानमा पश्चिम नेपालका अविवाहित थारु समुदायका महिलाको डिएनए परीक्षण गर्दा १८ प्रतिशत व्यक्तिमा सिकलसेल हेटरोजाइग्स ट्रेट रहेको पाइएको उनले बताए ।

नेपालका चौधरी थारु समुदायमा यो रोग एउटा प्रमुख जनस्वास्थ्य समस्याका रूपमा रहेको र समयमै यसको रोकथामका उपाय अवलम्बन गर्न नसकिए अवस्था झन भयावह हुनसक्ने भएकाले कञ्चनपुरका चौधरी थारु समुदायको बसोबास उच्च रहेका पालिकामा यो रोगको पहिचान तथा निदानका लागि स्वास्थ्य कार्यालयले रगत परीक्षण गरेको जनाएको छ ।

'सिकलसेल एनिमिया र थालेस्मिया व्यक्तिको जिनसम्बन्धी खराबीका कारणले हुन्छ, रोगसँग सम्बन्धित सानो खराबी भएको अवस्थालाई ट्रेट भनिन्छ,' भट्टले भने, 'केटा मान्छेमा ट्रेट छ र उसको विवाह ट्रेट भएको केटी मान्छेसँग भयो भने त्यसबाट जन्मने २५ प्रतिशत बच्चा सिकलसेल रोग भएर जन्मने गर्छन् ।' ट्रेट भएको व्यक्तिलाई शारीरिक रूपमा खासै समस्या नदेखिने र समस्या देखिए पनि सामान्य खालको हुने उनले बताए ।

सिकलसेल रोग भएमा थकाइ लाग्ने, सास फेर्न गाह्रो हुने, छाती, पेट, हातखुट्टाको कुर्कुच्चा दुख्ने, आँखामा समस्या देखापर्ने, ज्वरो आउने, वान्ता हुने, खोकी लाग्ने लक्षण देखापर्ने गर्दछन् । *रासस*

## गौरीगङ्गा साझेदारी वन उपभोक्ता समूह
### गौरीगङ्गा न.पा.-८ बढैपुर, कैलाली
### काठ दाउरा संकलन सम्बन्धि सूचना संशोधन

प्रभाव दैनिक अंक २६५ मितिः २०८०/१०/१० गते प्रकाशित गौरीगंगा साझेदारी वन उपभोक्ता समूह गौरीगंगा न.पा.-८ कैलालीको काठ दाउरा संकलन सम्बन्धि सूचनामा काठ सम्बन्धि व्यवसाय गर्ने इजाजत प्राप्त फर्म, कम्पनी वा व्यक्ति डिभिजन वन कार्यालय कैलाली, कार्यान्वयन क्षेत्रमा पर्ने स्थानिय तह र यस समूहमा सूचीकृत भएको हुनुपर्ने भनि सूचना प्रकाशन भएकोमा वन नियमावली २०७९ को परिच्छेद १७ नियम १२८ मा भएको व्यवस्था अनुसार काठ सम्बन्धि व्यवसाय गर्ने इजाजत प्राप्त फर्म, उद्योग, कम्पनी वा व्यक्ति डिभिजन वन कार्यालयहरूमा सुचीकृत भएको हुनुपर्ने भनि सूचना संशोधन गरिएको छ ।

## सप्तकोशी सा.व.उ.स बेलका नपा ९ उदयपुरको काठ लिलाम बिक्री सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/१०/१६

यस समूहको बार्षिक कार्ययोजना अनुसार आ.ब. २०७८-०७९ मा संकलन गरि घाटगद्दी गरेको साथै यस समुहको आन्तरिक खपत भई बाँकी रहेको साल जातको गोलीया थान ५१ को ५००.५४ क्यु फिट र आब २०७९-०८० मा संकलन गरि घाटगद्दी गरेको लट नम्बर १ को साल जातको गोलीया थान ४४ को ४७७.३८ क्यु फिट, लट नम्बर २ को साल जातको गोलीया थान २९ को २६३.४९ क्यु फिट काठ समूह बाहिर बिक्रि वितरण गर्नु पर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । इच्छुक भ्याटमा दर्ता भएका र बन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएका काष्ठ उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन सम्म बोलपत्र खारिद गरि २२ औं दिनको दिन रित पूर्वक शिलबन्दी बोलपत्र दाखिला गर्न हुन अनुरोध छ। विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/१०/१६ गते)

तारा चन्दको नाति, घड् मलको छोरा, मीरा देवीको पति महरमपुर, सोलान, चिड्वा, झुन्झुनु, राजस्थान, भारत स्थायी ठेगाना भएको राजीव को मिति सन् २०२२।०५।१९ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको चिप्लेढुङगा शाखामा रहेको बचत खाता नं ००४०००५०९६६००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमती मीरा देवी ले यस बैंकको शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै कागजसहित यस बैंकको शाखा कार्यालय चिप्लेढुङगा वा प्रधान कार्यालय, टंगाल, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय, चिप्लेढुङगा पोखरा, कास्की ०६१-५४३२६६/२६७


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : USHAK CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/१०/१५ | LT. No. :298988 | चलानी नं.६०२१४०००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६३,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २३ गते (6th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. २५७/०५८/०५९

**Green Star Overseas Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Mobile: 9851054136, 9841012386, 9841345696
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAFIR PLUS VALET PARKING SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/१०/१५ | LT. No.299037 | चलानी नं.६०२१३९७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 40 | 0 | 1000 | ३६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : INTEGRATED PARKING SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/१०/१५ | LT. No.299036 | चलानी नं.६०२१३७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 50 | 0 | 1000 | ३६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २३ गते (6th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** निःशुल्क कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**

श्रम ईजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com


# Chautara Sangchokgadhi Municipality
## Office Of The Municipal Executive
### Chautara, Sindhupalchok
### Bagmati Province, Nepal

## Invitation for Electronic Bid for Procurement of Petrol Engine Mini Tiller

**Contract ID: CSGM/NCB/GOODS-03/2080/081**

**Date of publication: 2080/10/16 (30th Jan 2024)**

1. The Government of Nepal (GoN) has allocated funds to wards the cost Procurement of Petrol Engine Mini Tiller and intends to apply the funds to cover eligible payments under the Contract for Procurement of Petrol Engine Mini Tiller. Bidding is open to all eligible Nepalese Bidders.
2. The Chautara Sagachowkgadi Municipality, Office Of The Municipal Executive, Chautara, Sindhupalchok invites electronic bids from eligible bidders for Procurement of Petrol Engine Mini Tiller under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara, Sindhupalchok, Contact no 011-620477 or may visit the website http://www.chautaramun.gov.np. or PPMO website. www.bolpatra.gov.np/egp.
4. Bidding Document is available on PPMO's E-GP system www.bolpatra.gov.np/egp. Eligible Bidders are requestted to submit their bid electronically as above mentioned e-GP system including non refundable fee NRs. 3000.00 for the cost of Bidding Document in the following Rajaswa (revenue) account as specified below:
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Nepal Bank Limited, Chautara Branch**
   **Name of Office: Chautara Sangachokgadhi Municipality**
   **Account Number (Aantarik Rajashwo Khata for bid document fee): 05703000001001000001**
   **Dharauti Khata No. 05703000003000000001**
   **Office Code No: 801032701**
   **Rajaswa (revenue) Shirshak no.: 14229**
5. Pre-bid meeting shall be held at Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok at 13:00 Hrs on 18th Feb, 2024 (Falgun 06, 2080)
6. Electronic bids must be submitted to Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Hrs as mention in below. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hrs at Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs 2,25,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of submission and opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The name and identification of the contract are as follows:

| Contract Identification No. | Name of Procurement | Last Date of Bid Submission/Opening |
|---|---|---|
| CSGM/NCB/GOODS-03/2080/081 | Procurement of Petrol Engine Mini Tiller | 29th Feb, 2024 (Falgun 17, 2080) |

**Chief Administrative Officer**
**Chautara Sangachokgadhi Municipality**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# एनसेलबारे अपुरो प्रतिवेदन

सरकारले गठन गरेको एनसेल सेयर खरिदबिक्री अध्ययन तथा छानबिन समितिले प्रधानमन्त्री पुष्पकमल दाहाललाई अपुरो र दिशाहीन प्रतिवेदन बुझाएको छ । निजी दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलले सस्तोमा सेयर बेचेको हल्ला प्रधानमन्त्रीसम्म मुछेपछि सरकारले समिति नै गठन गरेर निष्पक्ष छानबिन गर्न निर्देशन दिएको थियो ।

तर प्रधानमन्त्रीलाई सोमबार साँझ बुझाएको १० बुँदे संक्षिप्त प्रतिवेदन दिशाहीन छ । एनसेलको सेयर खरिदबिक्री अस्वाभाविक भनेको र नयाँ सञ्चालक सतीशलाल आचार्य वित्तीय क्षमताबाहिरको मान्छे भएको भनिएको छ । २०६१ भदौ १६ मा अनुमतिपत्र लिएको एनसेलको २५ वर्षे लाइसेन्स अवधि आगामी २०८६ भदौमा समाप्त हुँदै छ । विद्यमान दूरसञ्चार ऐन २०५३ अनुसार लाइसेन्स अवधि समाप्त भएसँगै एनसेल नेपाल सरकारको स्वामित्वमा आउने थियो । तर त्यसलाई ऐन सुधार्न सतीशलाललाई सेयर बेचिएको पुष्टि हुन्छ । २० प्रतिशत सेयर सतीशलालकै श्रीमती भावना सिंह श्रेष्ठको नाममा छ । अनुमतिपत्र लिएको बेला ५० प्रतिशतभन्दा बढी सेयर विदेशीको भएमा उक्त कम्पनीको स्वमित्व २५ वर्षपछि नेपाल सरकारको हुने प्रावधान छ । यही प्रावधानमा खेल्न अजियाटाले सस्तोमा सेयर सतिशलाललाई बिक्री गरेको प्रस्ट छ ।

सात वर्षअघि एक खर्ब ४४ अर्ब रूपैयाँमा एनसेलको ८० प्रतिशत सेयर खरिद गरेको मलेसियाको आजियाटा कम्पनीले हालै नेपाली संस्थापक रहेको बेलायती कम्पनी स्पेक्ट्रेलाइट युकेलाई जम्मा छ अर्ब ५० करोड रूपैयाँमा बिक्री गरेपछि यो विषय विवादमा आएको हो । स्वमित्वकै विषयमा प्रतिवेदन केन्द्रित हुनुपर्ने थियो । तर टंकमणि शर्मा नेतृत्वको कार्यदलले यसबारे केही बोलेको छैन । अर्को कुरा एनसेलले नेपालमा लगानीको वातावरण नभएको आरोपलाई प्रतिवेदनमा तथ्यहीन भनेको छ । तर यो आरोपका पुष्टि गर्न भने प्रतिवेदनको पूर्ण प्रतिवेदन नै कुर्नुपर्ने देखिन्छ ।

कार्यदलले अर्को सोच्नुपर्ने विषय हो, दूरसञ्चार प्रदायक कम्पनीहरू पछिल्लो समय ओरालो लाग्ने क्रममा छ । विश्वव्यापीरूपमा इन्टरनेटको पहुँच बढ्दो छ । टेलिकमको विकल्पमा इन्टरनेट सेवा प्रदायकको व्यापार फस्टाउँदो छ । निःशुल्क पाइने मेसेञ्जर, ह्वाटस्एप, भाइबर, टेलिग्राम, लाइनले अहिलेको दूरसञ्चार प्रदायकको सेवा खुम्चिँदो छ । यसले गर्दा पनि एनसेलजस्ता कम्पनीको व्यापार मारमा परेको बेला नाफा कमाइसकेको कम्पनी अरुलाई कम्पनी भिडाएर जान खोजेको हुनसक्छ । नाफा कुम्ल्याएर एनसेलको सम्पत्ति बेचेर जान सक्ने विषयमा सचेत नभएर सस्तोमा बेचे भनेर पछाडि कुद्नु गलत छ । यदि २०८६ सम्ममा विभिन्न बाहना बनाएर भएको सम्पत्ति खर्चंदै एनसेल टाट पल्टेमा के गर्ने ? किनकि विश्व अहिले एलन मस्कसँग तर्सिरहेको छ कि कतै सामाजिक सञ्जाल एक्समार्फत नै सहज दूरसञ्चार प्रदान गरिदिने हो कि ? अनि के होला सरकारी र निजी दूरसञ्चार प्रदायकको हालत ? त्यसैले सरकारले भविष्यको विषयमासमेत सोचेर निर्णय लिनुपर्छ ।

# ‘सहिदलाई सम्मान गरौं : राजनीति नगरौं’



प्रा.डा. तीर्थप्रसाद मिश्र

> सहिदको सम्मान घोषणा गर्दा राजनीतिक आग्रह राखिनु उपयुक्त हुँदैन । आन्दोलनकारीलाई खुसी बनाउन १० लाख रूपैयाँ दिई सहिद घोषणा गर्ने परिपाटीको अन्त्य हुनुपर्दछ । सहिद मुलुकै गहना हुन्, प्रतिष्ठा हुन् र भविष्यमा सन्ततिका मार्गदर्शक हुन् भन्ने कुरा मनन गर्नै पर्दछ । अब सहिदको अवधारणा र स्थापित मान्यताको आधारमा उचित मापदण्ड निर्धारण गरिनुपर्दछ ।

विश्वमा आफ्नो देशका बहुसंख्यक जनताको स्वार्थको अगाडि लामो संघर्ष गर्दागर्दै उद्देश्य प्राप्तिका लागि आफ्नो जीवन नै उत्सर्ग गर्ने, जीवन आहुति दिने वा मृत्युवरण गर्ने व्यक्तिलाई सम्मान गर्न सहिद घोषणा गर्ने प्रचलन छ । सहिदले देखाएको मार्गमा लागिरहन तथा ती महामानवहरूको बलिदानको गाथा भावी पुस्तालाई जानकारी गराउन सहिद दिवस मनाउने प्रचलन संसारभरि नै चलेको देखिन्छ । मुलुकको स्वतन्त्रता, सार्वभौमिकता र आत्मसम्मानका लागि अनवरत र अथकित संघर्ष गर्ने क्रममा तत्कालीन शासकबाट मृत्युदण्ड पाएकाहरूलाई पनि सम्बन्धित व्यक्तिको योगदानको स्मरण गर्न सहिद घोषणा गर्ने परम्परा चलेको हो ।

अब नेपालको सन्दर्भतिर लागौं । नेपालमा सहिद घोषणाको इतिहासलाई हेर्दा जहानियाँ राणा शासनका विरुद्धमा लागेको आरोपमा जीवन उत्सर्ग गर्ने सपूतहरूलाई सहिद भन्ने गरिएको देखिन्छ । वि.सं. २००७ को परिवर्तनपश्चात् १९९७ सालको प्रजापरिषद्को काण्डमा मृत्युदण्ड पाएका धर्मभक्त माथेमा, दशरथ चन्द, गंगालाल श्रेष्ठ तथा शुक्रराज शास्त्री गरी चार जनालाई सहिदको घोषणा भयो । यसैगरी २००७ सालको आन्दोलनको क्रममा मृत्यु भएका थिरबम मल्ल र २००८ सालमा दिल्ली सम्झौताको विरुद्धमा भएको आन्दोलनमा विश्व निकेतन स्कुलका १४ वर्षीय छात्र चिनियाकाजी श्रेष्ठलाई गोली लागी मृत्यु भएकामा उनीहरूलाई पनि सहिदको सम्मान दिइयो ।

वि.सं. २०४६ को आन्दोलन सफल भएपछि राजा महेन्द्रको २०१७ सालको काण्डको विरोधमा प्राणदण्ड पाएका र पञ्चायतको विरोधमा लागेकाको आरोपमा जीवन उत्सर्ग गरेकालाई सहिदको सम्मान दिइयो । यसमा जगतप्रकाशजंग शाह, लालध्वज गुरुङ, दुर्गानन्द झा, तेजबहादुर अमात्य, सरोजप्रसाद कोइराला, भीमदत्त पन्त, रत्नकुमार बान्तवा, वीरेन्द्र राजवंशी, भीमनारायण श्रेष्ठ तथा यज्ञबहादुर बस्नेत आदिलाई सहिदको सम्मान दिइएको थियो । यसैगरी राणाविरोधी आन्दोलनमा मृत्युदण्ड पाएका लखन थापा तथा बाँकावीरलाई पनि सहिद घोषणा गरियो । यसैगरी २०४६ को आन्दोलनमा सहादत प्राप्त गर्ने १९ जनालाई सहिदको सम्मान प्रदान गरियो । २०६२/६३ को आन्दोलनपश्चात् सहिद घोषणा र सम्मान कार्यमा निकै ठूलो भेल आएको देखिन्छ ।

वि.सं. २०६५ पुस ९ गते छ हजार २४४ जना २०६७ असार ९ गते एक हजार ६१९ जना तथा २०७४ माघ ३ गते १९० जना व्यक्तिले सहिदको सम्मान पाए । यसैगरी पुष्पकमल दाहाल प्रधानमन्त्री भएको बेलामा आठ हजार पाँच जनालाई सहिदको सम्मान दिएकामा २००० जनाको त नाम थर नै नखुलेको टिप्पणी पनि भयो । यसैगरी माधवकुमार नेपाल प्रधानमन्त्री भएको बेलामा चार हजार र मधेस आन्दोलनमा मारिएका ५२ जनालाई सहिद घोषणा गरियो । माओवादी द्वन्द्वको क्रममा मारिएका (सरकारी र विद्रोही दुवै पक्षका) सबैलाई सहिद घोषणा गरियो ।

प्रत्येक राजनीतिक र अन्य निर्दिष्ट उद्देश्य प्राप्तिका लागि भएको आन्दोलनमा मृत्यु भएकाहरूलाई १० लाख रूपैयाँसहित सहिद घोषणा गर्ने कार्य बडो उदारतापूर्वक हुँदै गइरहेको छ । यसै क्रममा पछिल्लोपटक कोरिया भाषा परीक्षा लिने विषयमा भएको आन्दोलनमा प्रहरीको गोली लागि मारिएका दुईजनालाई पनि १० लाख रूपैयाँसहित सरकारले सहिद घोषणा गर्‍यो । नेपालको हालसम्मको सहिदको तथ्यांक संकलन गर्न पनि अनुसन्धानकै खाँचो पर्ने देखिन्छ । सातौं शताब्दीमा नेपाल आएका चिनिया यात्री हु यन साङले नेपालमा कृषकभन्दा व्यापारी बढी भएको र १९औं शताब्दीमा नेपाल आएका अंग्रेज दूत कर्क प्याट्रिकले काठमाडौंमा घरभन्दा मन्दिर बढी र मानिसभन्दा मूर्ति बढी भएको टिप्पणी गरेको सन्दर्भमा २१औं शताब्दीमा नेपाल सहिदै सहिदको देश भनेर पहिचान नहोला भन्न नसकिने अवस्था छ ।

नेपाल सरकार सहिदको स्थापित मर्म, मान्यता, आदर्श र सन्देश बुझेर पनि त्यसलाई अवमूल्यन गर्ने कार्यतर्फ अग्रसर भएको छ । राजनीतिक पार्टीमा शीर्ष नेताहरू आफ्ना कार्यकर्तालाई प्रसन्न गराउन र जनताबाट शुभेक्षा प्राप्त गर्न सहिद घोषणा गरी १० लाख रूपैयाँ उपलब्ध गराउन कसरत गरिरहेका छन् । वस्तुनिष्ठ मापदण्डका आधारमा घोषणा गर्नुपर्नेमा समर्थकलाई सहिद घोषणा गर्न नेपाल बन्द, चक्काजाम, अनशन, धर्नाजस्ता संयन्त्र अवलम्बन गरिएको देखिन्छ । दुर्घटनामा परेकालाई समेत सहिद घोषणा गर्ने माग आएका दृष्टान्त पनि देख्न पाइन्छ । सहिदकै फोटो बोकेर मत माग्ने गरेको दृश्य पनि यहाँ देख्न पाइन्छ । सहिद मुलुकका गहना हुन् कुनै पार्टीका पेवा होइनन् भन्ने हेक्का राख्नुपर्ने तथ्यमा ध्यानै गएको देखिँदैन । यस प्रकार सहिद घोषणा गर्दा राजनीतिक आग्रह एवं तुष्टीकरणको नीति लिँदा सहिदको मर्म, मान्यता तथा सन्देशकै खिल्ली उडेको छ ।

सहिद कसलाई भन्ने हो त ? त्यसतर्फ विचार गरौं । नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोशमा सहिदको अर्थ आफ्नो देश, संस्कृति र अस्तित्वको संरक्षण तथा स्वतन्त्रता प्राप्तिका निम्ति बलिदान भएर लोकहितमा लाग्ने अमर व्यक्ति भन्ने दिइएको छ । यस अर्थमा नेपालको इतिहासमा विभिन्न महामानवहरूले देशको अस्तित्व, अस्मिता, स्वाभिमान र स्वतन्त्रता प्राप्त गर्ने संघर्षमा ज्यान गुमाएका छन् । राष्ट्रप्रति बफादार र कर्तव्यनिष्ठ हुँदाहुँदै पनि प्राणदण्ड पाएका थुप्रै घटना छन् । ती सबै श्रद्धेय सपूत सहिद नै हुन् । इतिहासको विभिन्न कालखण्डमा यस्ता पात्र धेरै भए । भोटमा विशेष सुविधा दिलाई कान्तिपुर र कालान्तरमा नेपालकै श्रीवृद्धि गर्ने काजी भीम मल्ल काटिए ।

यसैगरी गोरखाको सैनिक परिचालनको क्रममा मारिएका जयन्त राना तथा कालु पाण्डे, षड्यन्त्रकारी राजनीतिको चपेटामा परी हत्या गरिएका देशभक्त सर्वजित राना, दामोदर पाण्डे तथा माथवरसिंह थापाजस्ता हस्तीहरूले सहिदको सम्मान पाउने कि नपाउने ? राणा शासनकै विरुद्ध लागेका लखन थापा र बाँकावीरलाई सहिद घोषणा गर्दा अमरविक्रम शाह सिजापति काण्डमा परेका तथा सुब्बा कृष्णलाल अधिकारीजस्ता सपूतप्रति अन्याय भएन र ? भन्ने प्रश्न उठेको छ । यसतर्फ ध्यान दिने बेला आएको छ ।

नेपालका सन्दर्भमा सहिदको वस्तुनिष्ठ मूल्यांकन गरी आवश्यक मापदण्ड निर्धारण गर्न गठित प्रश्रित र सुवेदी आयोगले पनि भने जस्तो कार्य गर्न सकेनन् । राजनीतिक तुष्टीकरणको नीति लिँदा सहिदकै मानमर्दन भइरहेको प्रशस्त टीकाटिप्पणी र चर्चापरिचर्चा हुँदा पनि यस विषयमा मुलुकले पर्याप्त ध्यान दिएर भविष्य उन्मुख योजना बनाउन सकेको छैन । नेपालको पहिलो सहिद को हो ? भन्ने विवाद पनि चर्किएको छ । प्रथम सहिद लखन थापा भन्ने गरिएकामा पूर्वप्रधानमन्त्री केपी ओलीले एक कार्यक्रममा बाँकावीर नै पहिलो सहिद भएको उद्घोष गरेका थिए ।

सहिदगेटमा चार सहिद र अग्रभागमा त्रिभुवनको सालिक राखिएको छ । तिनै राजा त्रिभुवनको आदेश (हुन त राणा प्रधानमन्त्री जुद्धशमशेरको अगाडि उनको केही चल्दैनथ्यो)बाट ती चारजनाले मृत्युदण्ड पाएको तथ्य पनि बिर्सन हुँदैन । अतः यस विषयमा पनि बेलाबेलामा चर्चा चलेकै छ । हेटौंडामा नगरपालिकाले एउटै ढुंगामा १२ सहिदको आकृति कुदाएर राखेको छ । त्यसमा जगतप्रकाशजंग शाह तथा भीमनारायण श्रेष्ठ किन परेनन् भन्ने कुरामा सहिद परिवारकै असन्तुष्टि प्रकट भएको छ । यसैगरी सहिदलाई मरणोपरान्त विभूषण प्रदान गर्दा सहिद भीमनारायणको परिवारले बहिष्कार गरेको घटना पनि ताजै छ ।

वि.सं. २०६२/६३ को आन्दोलनपश्चात् द्वन्द्वका क्रममा मारिएका असंख्यलाई सहिद घोषणा गराउने घटनाप्रति आपत्ति जनाउँदै सहिद परिवारकै १२ जना सदस्यले सहिदलाई अपमान गरेकामा सामूहिक आत्मदाह गर्ने चेतावनी दिएका थिए । जिउँदो सहिद भनेर टंकप्रसाद आचार्य र मुकेश कायस्थलाई भन्ने गरिँदा यस्तै खड्गमान सिंहजस्ता किन परेनन् ? भन्ने कौतुहल पनि जागेको छ । सहिद परिवारबाटै आएको सहिदको सम्मान भएन भन्ने आवाजलाई पनि सुन्नै पर्छ कि ?

सहिदको सम्मान घोषणा गर्दा राजनीतिक आग्रह राखिनु उपयुक्त हुँदैन । आन्दोलनकारीलाई खुसी बनाउन १० लाख रूपैयाँ दिई सहिद घोषणा गर्ने परिपाटीको अन्त्य हुनुपर्दछ । सहिद मुलुकै गहना हुन्, प्रतिष्ठा हुन् र भविष्यमा सन्ततिका मार्गदर्शक हुन् भन्ने कुरा मनन गर्नै पर्दछ । अब सहिदको अवधारणा र स्थापित मान्यताको आधारमा उचित मापदण्ड निर्धारण गरिनुपर्दछ । नेपालको ऐतिहासिक कालखण्डमा देखिएका मुलुकको उन्नति स्वाभिमान र स्वतन्त्रताको रक्षाका लागि आफ्नो जीवन उत्सर्ग गर्नेहरूको कार्य र योगदानको आधारमा भविष्य उन्मुख योजना बनाउनु जरुरी छ । यस्तो कार्यमा सरकारले तुष्टीकरणको नीतिबाट पृथक भई कर्मकाण्डी आयोग वा अध्ययन दल बनाउनु किमार्थ हुँदैन । समाजका सम्बद्ध सबै पक्षसँग राय सल्लाह लिने गरी एउटा उच्चस्तरीय आयोग बनाउनु वाञ्छनीय देखिन्छ । यसरी कार्यविधि बनाई उचित ढंगले सहिदको वर्गीकरण हुँदा सबैको यथायोग्य सम्मान हुँदो हो ।

नेपालमा माघ १६ गते सहिद दिवस मनाउने प्रचलन २०१२ सालबाट प्रारम्भ भएको हो । तर, प्रदेश सरकारले भने हाल आ-आफ्नै अनुकूल सहिद दिवस मनाउँदै आएका छन् । कर्णाली प्रदेशले भदौ ४ गते सहिद दिवस मनाउने गरेको पाइन्छ । सहिद दिवस औपचारिक कार्यक्रम गर्नेमा मात्र सीमित नरहोस् । सहिदको बलिदान स्मरण गर्दै उनीहरूले देखाएको मार्गमा अग्रसर हुनु नै ती महान् आत्माप्रति गरिने सच्चा सम्मान हो । सम्पूर्ण ज्ञातअज्ञात सहिदप्रति हार्दिक श्रद्धाञ्जलि ! *रासस*

## मननयोग्य

### चाणक्य नीति

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- ‘मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् । अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- ‘म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु’ भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- ‘मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला’ भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- ‘गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।’

आचार्यले भने- ‘श्रमको अभ्यास भएन भने बाँचेको मानिस पनि मृतसमान हुन्छ, यो कुरा सधैं सम्झिराख्नू’ म यो पहिलो गुरुमन्त्रलाई सदैव सम्झिरहन्छु र प्राणभन्दा पनि वढी सुरक्षित राख्छु भनी विनम्र भई विष्णुगुप्तले भने । नित्यकर्मबाट निवृत्त भएपछि विष्णुगुप्त र आचार्यका बीच कुराकानी हुन लाग्यो- हेर बाबु ! मलाई तिम्रो प्रतिभामा पूर्ण विश्वास छ । धेरै टाढाबाट राजा, मन्त्री, सामन्तहरू विद्या आर्जन गर्न यहाँ आउँछन्, उनकै अनुदान आदिले विद्यालय चल्छ ।

पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, बिहानै कुलपतिलाई भेटौंला, विश्राम गर ।




# सालिक बन्ने कि मालिक ?

बिहान ४ बजे भालेबासेसँगै आँखा खुल्यो । सधैं झैं जन्याक जुरुक्क उठेर झिसमिसे उज्यालोमा फटाफट खुट्टा लम्काउँदै अघि बढ्दै थिएँ । टेकुस्थित खरिबोट नजिक पुगेको थिएँ । एक जना मान्छेले च्याप्प कठालोमा समात्यो । म झसंग भएँ । झिसमिसे उज्यालोमा बिहान मर्निङ वाकमा निस्कने मानिसहरु त्यत्ति धेरै आवतजावत भएको थिएन । हुन त चिसो बढ्दै गएकाले यो माघमा मर्निङ वाकमा निस्कनेहरु पनि अलि ढिलै गर्न थाल्या छन् । जति नै गरे पनि अल्छी भएका हुन् कि भनेजस्तो । पहिले त्यहीबाटो ३ बजेदेखि नै कालीमाटी तरकारी बजार आवतजावत गर्नेहरु प्रशस्तै हुन्थे । आजकल अलि कम हुन थालेको रहेछ ।

म न यता गर्न सकें न उता गर्न ! आँट नै आएन । ती मानिस रिसले चुर थिए । विचरा मैले केही गल्ती गरेको पनि थिइनँ । यसो सम्झिँए कुनै गल्ती मबाट भएको थियो कि त्यही भएर पो मलाई यसरी एक्लै पारेर समाते भन्ने पनि लाग्यो ।

सम्झिँए त्यस्तो कतैबाट भएको पनि छैन । गरेको पनि छैन । त्यसो भए मैले गल्ती नगरीकन किन सजाय भोग्नुपर्ने ? चिसो हावा चलिरहेको जस्तो बिहानी स्याँठ चलिरहेकै थियो । हातखुट्टा चिसो काँपिरहेको थियो । तर मन ढक्क फुलेर आएको थियो । कान तातेर सायद रातै भएको हुनु पर्छ । मैले त्यहाँ गुहार माग्न आँट गर्न नै सकिने । हुन त गुहार मागेर पनि को आउँथ्यो र ?

समय परिवर्तन भइसकेको छ नि । निकै परिवर्तन आमूल परिवर्तन नै भइसकेको छ भन्ने कुरा त अस्तिभर्खर विमानस्थलमा प्रहरी र कर्मचारीको लात्तेबाजीले नै देखाइदिएको छ । पहिले जस्तो जमाना छैन नि हजुर ! अन्यायमा परेकालाई सहयोग गर्ने । अहिले त हेरिरहने मात्र हो । मलाई कसले बचाउन सक्थ्यो र ?

तैपनि डर नमानीकन सोंधे । हजुर मबाट के गल्ती भएको थियो । यसरी घाँटी नै किकलिक्क हुने गरी कँठालोमा समाउनु भएको ? अध्यारो थियो मान्छे चिन्न नै कठिन । एक छिनसम्म उत्तर आएन । डरले थरथरी भईरहेको थिएँ तर डरायो भने अझै वित्यास पार्छ भन्ने लागेको थियो । खोल्चाखोल्चीमा हिड्दा अप्ठेरो पर्ला भनेर पैतालाको माटोको टिको लगाउन आमाले सिकाउनु भएको थियो । त्यही सम्झिएँ । पैतालाको टिको लगाउने योजना बनाएँ । खुट्टा यसो उठाएँ ती मान्छेले अझै च्यापेर समाते । मलाई लाग्यो अव प्राण पखेरो उडाउने भो । जुत्तामा टाँसिएको धुलो दाहिना हातले यसो तानेर टिको लगाएँ ।

रातविरात हिँड्दा अप्ठेरो पर्‍यो भने हनुमान चालिसा सम्झनु भनेर बाले भन्नुभएको थियो । अब अझै साहस बढ्यो हनुमान चालिस मनमनै सम्झन थाले । अप्ठेरो परेपछि जति नै नास्तिक भएपनि हे भगवान् भन्ने नेपालीहरुको बानी नै हो । कस्ता कस्ता भगवान् मान्दिन भन्नेहरु त भैंसीको पूजा गरेर आफ्नो ग्रह कटाउन थालिसकेका छन् । म जावो फुच्चे । जय हनुमान मनमनै भन्दै मलाई छाड्नुस् भने ।

उसले बल्ल भन्यो । तँलाई म छाड्दिन । यही अठ्याएर राख्छु । तँ मालिक होस् ?

कस्तो प्रश्न ? म त तीन छक्क परे । मैले होइन हजुर म त सर्वहारा श्रमिक ।

केरे अझ बढ्ता बोल्छन् । कसरी तँ सर्वहारा ? सर्वहारा भन्नेहरु सबै चोर भए । देश कंगाल बनाउने तँ झोलेले सर्वहारा भन्न सुहाउँछ ? मेरो अझै सातोपुत्लो गयो ।

होइन हजुर मैले कसैको पनि झोले होइन । म साँच्चै नै । श्रमिक हुँ ।

सबैले त्यसै भन्छन् मैले पनि त्यसै भन्थें । मलाई चिनेको छन् । मसँग धेरैले झूठो बोले । झूठ बोल्नेहरुलाई म अब छाड्दिनँ । बुझिस् !

लौ मार्ने भो अब । सत्य बोल्दा पनि झूठ बोलेको भनेर मार्ने भो त । चिच्याउँ भने पनि यति बिहानै कसले सुन्ने ? गुहार मागौं कसले गुहार दिने । अब मरिने भो भन्ने लाग्यो । तर सत्य नै बोलेको हो के, सत्यबाहेक केही बोल्दिनँ सत्य बोल्दा अन्याय हुन्छ भने होस् । फेरि मैले भनें, म श्रमिक हो । सत्य बोल्छु श्रम गर्छु ।

ती मान्छेले भने सवैले यसै भन्छन् । पक्का भन, अहिले सबतिर झूठबाहेक केही हुन्न । अन्यायका विरुद्ध बोल्ने कोही छैन । देखावटी सबले गर्छन् । व्यक्तिगत स्वार्थमा चुर्लुम्म डुबेर बसेका छन् ।

मैले भनें- त्यो त हो । तर हामीले जति सत्य बोले भने केही भएन । तर पनि बोल्न छाडिएको छैन । त्यही भएर त हो नि अहिले हामीले दुःख पाएको । हामीले मात्र होइन पुस्ताले पनि दुःख पाउँदै छ । महँगी, अन्याय, अत्याचार र भ्रष्टाचारले चौपट्ट पारिसक्यो ।

मेरो कुरा सुनेर उनले भने- हो त्यही भएर आज म यहाँ बसेको छु । हामीले सोचेको र भोगेको हाम्रा सपना चकनाचुर पार्नेहरुलाई एक-एक ठेगाना लगाउने बेला भएको छ ।

ओहो ! अब यहाँबाट उम्कनु नै मेरो लागि उचित हुन्छ । मेरो मनले भन्न थाल्यो- हस हजुर ! बरु मलाई छाडिदिनुस् यस्तो काममा म तपाईंलाई सहयोग गर्न तयार छु । अहिलेलाई छाडिदिनुस् न ।

उनले मानेन- अहँ छाड्दिनँ । त्यसै मैले किन छाड्ने ? म यत्रो वर्षदेखि यसरी बसिरहेको छु । मैले पनि तँ जस्तै नझुकेर सत्य बोलेकै कारण यही खरिको बोटमा मलाई झुण्डयाइयो । ८३ वर्ष भइसक्यो । हाम्रो सपना चकनाचुर भयो । हामी देश र जनताका लागि लड्ने सत्य बोलेर गोली खाने, फाँसीमा चढनेचाहिँ सालिक बन्नुपर्ने अनि देश लुट्ने सर्वहारा भन्दै जनतालाई कंगाल बनाउनेचाहिँ यो देशको मालिक बन्ने ?

उनको कुरा सुनेर म तर्सिएँ । भूतजस्तै लाग्यो । मैले सोधें- तपाईं को हो ?

अझै चिनिनस् ? म ८३ वर्षदेखि प्रजातन्त्रका लागि लडेर यही खरिको बोटमा झण्डयाइको मान्छे । आजकै दिन मलाई यही रुखमा झुण्डयाएर मारिएको थियो । देश लुटेर, कंगाल बनाएर दुनियाँसँग झुक्नेहरु अब आज मलाई भेट्न आउँदै छन् त्यही भएर म यहाँ उभिएको छु । देश लुट्ने, देशलाई कंगाल बनाउने अनि युवाहरुलाई विदेश जान बाध्य बनाउनेहरुलाई म पालैपालो सजाय दिने छु ।

आउँछ त्यो दिन आउँछ ।

‘हुँदैन बिहानी मिर्मिरे तारा झरेर नगए,
बन्दैन मुलुक दुईचार सपुत मरेर नगए’

हामी मर्‍यौं सालिक बन्यो तर हामीलाई मार्ने र हामीजस्तालाई शहिद बनाउनेहरु आज मालिक भएका छन् । अब सबको पालो आउँछ पर्ख र हेर । ओहो, शुक्रराज शास्त्री ! म झल्याँस्स बुँझिँए । साँच्चै सहिद सालिक भए अरू मालिक भए ।

# आँबुखैरेनीका भूमिहीनलाई निस्सा वितरण



**तनहुँ (प्रस)–** आँबुखैरेनी गाउँपालिकाले छ वटै वडामा भूमिहीन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोबासीलाई निस्सा वितरण गरेको छ। सोमबार आँबुखैरेनी–२ मा रहेका भूमिहीन १२ जनालाई एक समारोहबीच जग्गाधनी पूर्जा वितरण गरियो । यससँगै पालिकाभित्रका भूमिहीनलाई निस्सा वितरण गर्ने कार्यलाई निरन्तरता दिने बताइएको छ ।

गाउँपालिका अध्यक्ष शुक्र चुमानको अध्यक्षतामा आयोजित कार्यक्रममा गण्डकी प्रदेशका सांसद एवं पूर्वभौतिक पूर्वाधार तथा यातायातमन्त्री हरिबहादुर चुमान, राष्ट्रिय भूमि आयोग जिल्ला समिति तनहुँका अध्यक्ष रामचन्द्र अधिकारीलगायतको उपस्थिति थियो ।

गाउँपालिका अध्यक्ष चुमानले यो अवस्थासम्म ल्याउन सहयोग गरेका राष्ट्रिय भूमि आयोग जिल्ला समिति तनहुँ, जिल्ला प्रशासन कार्यालय तनहुँ, जिल्ला मालपोत कार्यालय तनहुँ, नापी कार्यालय तनहुँ, नापी टोल प्रमुखलगायत सम्पूर्ण सहयोगीहरूलाई धन्यवाद व्यक्त गरे ।

सोही समारोहमा गाउँपालिकाका भूमिहीन सुकुम्वासी, भूमिहीन दलित तथा अव्यवस्थित बसोवासी सेवा केन्द्रमा रही अहोरात्र खटेर उल्लेखनीय भूमिका निर्वाह गरेका सूचना प्रविधि अधिकृत एवं सेवा केन्द्र प्रमुख ई. निरोज श्रेष्ठ, अमिन सरोजचन्द्र अधिकारी र अमिन सञ्जित श्रेष्ठलाई प्रशंसापत्रसहित सम्मान गरिएको थियो ।

# कोशीमा १० वर्षमुनिका बालबालिकाको निःशुल्क उपचार

**मोरङ (प्रस)–** कोशी प्रदेश सरकारले १० वर्षमुनिका बालबालिकाको निःशुल्क उपचार सेवा सुरुआत गरेको छ। मुख्यमन्त्री केदार कार्कीको उपस्थितिमा स्वास्थ्य मन्त्रालयले यसअघि नै नोबेल शिक्षण अस्पताल, विराट शिक्षण अस्पताल, हाम्रो अस्पताल र प्रादेशिक अस्पतालसँग निःशुल्क उपचार गर्ने सम्झौतामा हस्ताक्षर गरेको थियो । स्वास्थ्य मन्त्रालयकी सचिव डा. सुधा देवकोटाले नोबेल शिक्षण अस्पतालबाट औपचारिक रूपमा बालबालिकाको निःशुल्क उपचार सेवाको सोमबार शुभारम्भ गरिन् ।

यो सेवा प्रदेशमा स्थायी बसोबास गर्नेले मात्रै पाउने छन् । निःशुल्क उपचार प्राप्त गर्ने बिरामी बालबालिकालाई जीवन बिमाले तोकेबमोजिमको औषधि प्रदेश सरकारले निःशुल्क उपलब्ध गराउने व्यवस्था भएको सचिव डा. देवकोटाले बताइन् । झापाको भद्रपुरस्थित मेची प्रादेशिक अस्पतालमा रिक्त रहेको बालरोग विशेषज्ञ चिकित्सक नियुक्त गरेर बालबालिकालाई निःशुल्क उपचार सेवा सुरु गरेको उनले जानकारी दिइन् ।

**टुक टुक सप्लायर्स (प्रा. लि.)**
**(लिक्वीडेशन) सम्बन्धमा**

**हकदावी गर्न आउने बारेमा ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिमको मिति २०७९/०५/०८ मा दर्ता भएको प्रा. लि. को (**प्रा. लि. नं. २९७२१७/०७९/०८**) को **टुक टुक सप्लायर्स प्रा. लि.** लाई खारेजी (लिक्वीडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८०/१०/१४ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोहि र कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**रमेश हरि अधिकारी, लिक्विडेटर**
**दामासाही प्र.प. नं.– ५४७**
**मोबाइल नं. ९८४२६३८३६७**

**हुलास स्टील ईण्डष्ट्रिज लिमिटेडको**

**वार्षिक साधारण सभा बस्ने सूचना**

मिति २०८०।१०।१४ (तदनुसार २८ जनवरी २०२४) गते संचालक समितिले गरेको निर्णय अनुसार यस कम्पनीको ४२ औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुनाले शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

मिति : २०८० फाल्गुण ९ गते (२१ फरवरी २०२४) बुधबार ।
समय : अपरान्ह १२:३० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, गोल्छा हाउस, गणबहाल, काठमाडौं ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु**

१. आर्थिक बर्ष २०७९।८० को संचालक समितिको प्रतिबेदन पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको ३१ आषाढ २०८० को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह लगायत वित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. संचालक समितिले प्रस्ताव गरे बमोजिम लाभांश स्विकृत गर्ने ।
४. व्यवसायीक सामाजिक जिम्मेवारीका लागी छुट्याइएको रकम अनुमोदन गर्ने ।
५. कम्पनी ऐनको दफा ७८ अर्न्तगतको प्रतिवेदन र उद्घोषण प्रस्तुत गर्ने ।
६. संचालकहरुको पारिश्रमिक निर्धारण गर्ने ।
७. आर्थिक बर्ष २०८०।८१ का लागि लेखा परीक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने ।
८. विविध ।

**(ख) विशेष प्रस्तावहरु**

१. प्रत्येक १०० कित्ता बराबर २२.१८ कित्ताका दरले हकप्रद शेयर जारी गर्ने ।
२. बिदेशी लगानीकर्तालाई भुक्तानी गर्न बांकी गतवर्षको लाभांश रकम मध्ये रु.८,५६,००,३००/– लाई हकप्रद शेयरको भुक्तानी (पुर्नलगानी स्वरुप) बापत समायोजन गर्ने ।
३. अधिकृत पुंजीको सीमा अर्न्तगत रही कम्पनीको जारी पुंजी बृद्धि गरी रु.२,०१,००,००,०००/– पुऱ्याउने । यस सम्बन्धी प्रबन्ध पत्रको दफा ५(ख) संशोधन गर्ने ।
४. प्रस्तावित हकप्रद शेयर जारी पश्चात कम्पनीको तत्काल चुक्ता पूंजी रु.९४,३०,६९,४००/– हुने हुंदा प्रबन्धपत्रको दफा ५(ग) मा संशोधन गर्ने ।
५. प्रबन्धपत्र संशोधन सम्बन्धमा कुनै शाब्दिक/भाषिक परिवर्तन गर्नु परेमा सो का लागी संचालक समितिलाई अख्तियारी दिने ।

नोट : साधारण सभा तथा लाभांश वितरण प्रयोजनका लागि कम्पनीको शेयर दर्ता पुस्तिका मिति २०८० फाल्गुण ४ गते एक दिनका लागि बन्द गरिनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**


## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : PLAY LAND CO FOR CHILDREN GAMES**

पूर्व स्वीकृति मिति: २०८०/१०/१५ | LT. No. 299030 | चलानी नं. ६०२१३९८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Operator/helper | 5 | 0 | 90 | ३८,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २३ गते (6th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : KL RIA INDUSTRIES SDN BHD**

पूर्व स्वीकृति मिति २०८०/१०/१५ | LT. No. 299025 | चलानी नं. ६०२१३९९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : ONE PERSON COMPANY WITH YOU FOR OPERATION AND MAINTENANCE**

पूर्व स्वीकृति मिति २०८०/१०/१५ | LT. No. 299020 | चलानी नं. ६०२१४००१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 75 | 0 | 1000 | ३५,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : RAS AMBITION INTERNATIONAL CONTRACTING CO LTD**

पूर्व स्वीकृति मिति २०८०/१०/१५ | LT. No. 299021 | चलानी नं. ६०२१३९९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३५,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : AL-ANDALUS CHARTERS COMPANY FOR OPERATION AND MAINTENANCE**

पूर्व स्वीकृति मिति २०८०/१०/१५ | LT. No. 299022 | चलानी नं. ६०२१३९९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 50 | 0 | 1000 | ३५,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : RIMAL AL-BUNYAN CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति २०८०/१०/१५ | LT. No. 299023 | चलानी नं. ६०२१३९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Electrician | 2 | 0 | 1200 | ४२,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 4 | 0 | 1200 | ४२,६३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २३ गते (6th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pashupati HR Solution Pvt. Ltd.**
श्रम ईजाजत नं. १४००/०७४/०७५
Pingalasthan, Gaushala, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 014588454
www.pashupatihr.com.np



## ZERO COST RECRUITMENT Opportunity For Malaysia!! RBA COMPLIANCE
## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर !! आर.वि.ए. मापदण्ड

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!**

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रकियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित अन्तर्वार्ता देखि उडान सम्म निःशुल्क खाना, यातायात, आवास

**COMPANY: C-PAK CERGAS SDN BHD**
**कम्पनी : अकिनाजय एस. डिएन. बिएचडि**

Pre Approval Date : 2023-02-12 | Post Approval Date : 2024-01-29 | LT. No. 280842 | Invoice No. 60196423
पूर्व स्वीकृति मिति : २०७९/१०/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/१०/१५ | एल टि न. २८०८४२ | चलानी नं. ६०१९६४२३

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिगिंट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फ्याक्ट्री वर्कर/प्रडक्सन अपरेटर Factory Worker/ Production Operator | ८० 80 | २० 20 | आधारभुत अङ्ग्रेजी पढन, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४२,८८० 42,880 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**नोट:** आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहार्ने By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer | रोजगारदाताले व्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहार्ने By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer | ने.रु.७०० /- रोजगारदाताले व्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer |

| कल्याणकारी कोष सम्बन्धी व्यवस्था : Management of Workers Welfare Fund | ने.रु.१५०० /- रोजगारदाताले व्यहार्ने NPR 1500/- By the Employer | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहार्ने How much is the Service Fee and who will bear it | रोजगारदाताले व्यहार्ने By the Employer |
|---|---|---|---|

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Suhasha Link Pvt. Ltd. does not have any branch or mediator representative.
This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**Interview will be conducted on 6th Feb, 2024 in office premisees.**
**अन्तर्वाता मिति २०८० माघ २३ गते कार्यालय परिसरमा हुनेछ ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

**SUHASHA LINK PVT. LTD.**
License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4362338



## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AQINAJAYA SDN BHD**

पूर्व स्वीकृति मिति २०८०/०६/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१५ | LT. No. 293875 | चलानी नं. ६०२०९००५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : FLAVOURS RESTAURANT FOR SERVING MEALS**

पूर्व स्वीकृति मिति : २०८०/१०/११ | LT. No. 298829 | चलानी नं.६०२१३८४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | kitchen tool cleaning worker | 1 | 0 | 1000 | ३५,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २३ गते (6th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUHASHA LINK PVT. LTD.**
License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4382668, 4362338, Fax: 01-4362338



## ABSOLUTELY ZERO COST RECRUITMENT Oppurtunity for Malaysia !!
## पूर्णतया शून्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारीको अवसर !!

**Free Visa, Free Ticket from Kathmandu to Malaysia, Free Bio-Medical, Free Service Charge, Free Transportation (after selection) Free Passport Cost, Free Lodging and Meals (after selection).**
निःशुल्क भिषा, निःशुल्क हवाइ टिकट काठमाडौं देखि मलेसियासम्म निःशुल्क स्वास्थ्य जाँच, सेवा शुल्क निःशुल्क, निःशुल्क यातायात (छनौट पश्चात), निःशुल्क आवास र खाना (छनौट पश्चात), निःशल्क राहदानी शुल्क ।

**रोजगारदाताको विवरण । Employer's Information:**
Employer Company's Name: TERANG NUSA (MALAYSIA) SDN. BHD.
**रोजगारदाता कम्पनीको नाम: तेराङ नुसा (मलेसिया) एस डि एन. बि एच डि.**
**Employer Company's Address/Job Site: Kota, Bharu**
**रोजगारदाता कम्पनीको ठेगाना/काम गर्ने स्थान: कोटा, भरु**

| पूर्व स्वीकृति मिति : २०८०/०३/२२ Pre Approval Date: 2023-07-03 | पुन विज्ञापन स्वीकृति मिति : २०८०/१०/१४ Pre Approval Date: 2024-01-28 | चलानी नं.: ६०२०४३५४ Reference No: 60204354 | LOT NO. 286912 |
|---|---|---|---|

| सि.न | Post for Migrating Worker कामदार को पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब QR | Monthly Basic Salary मासिक तलब ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working Hour per Day प्रति दिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा काम गर्ने दिन | Yearly Leaves वार्षिक बिदा | Food Facility खाना सुविधा | Accomodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker जेनेरल कामदार | 0 0 | 100 १०० | Proficient in reading/ writing/ speaking/ understanding English with +2 passed अंग्रेजीमा र पढ्न, लेख्न, ले बुझ्न सक्ने तथा +२ पास गरेको हुनुपर्ने | 1500 १५०० | 42000 ४२००० | As per Malaysian Labour Law मलेसिया श्रम कानुन अनुसार | 7.5 Hrs ७.५ घण्टा | 6 Days ६ दिन | As per Company rules कनि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

Employment Terms and Conditions /रोजगार नियम र सर्तहरु:
1. Nature of Job: General Worker in Manufacturing sector.
काम को प्रकृति: उत्पादन क्षेत्रमा औद्योगिक कामदार
2. Overtime shall be voluntary. Overtime Payment Calculated as
ओभरटाइम स्वेछिक हुनेछ । ओभरटाइम भुक्तानी गणना
i) on Normal Days: Salary * 1.5 / सामान्य दिनमा * तलब १.५
ii) on Sundays/rest days: Salary * 2.0 / आइतबार/ विश्राम दिन: तलब * २.०
iii)on Public Holidays: Salary *3.0 / सार्वजनिक बिदामा तलब * ३.०
3. Rest Day:One day in a week in accordance to labor law in Malaysia.
विश्राम दिन मलेसियाको श्रम कानून अनुसार हप्तामा एक दिन ।
4. Public Holiday: Paid Holiday for atleast 11 public holidays in any one year of service in accordance to labor law in Malaysia.
सार्वजनिक बिदा: मलेसियाको श्रम कानून बमोजिम सेवाको कुनै एक वर्षमा कम्तिमा ११ सार्वजनिक बिदाको लागि भुक्तान गरिएको बिदा ।
5. Annual Leave:8 days for first two years of service.
वार्षिक बिदा: सेवाको पहिलो दुई वर्षको लागि ८ दिन ।
6. Sick Leave/ farem farar
i)Without Hospitalization: 14 days sick leave for each year of service for less than 2 years.
अस्पतालमा भर्ना बिना २ वर्ष भन्दा कम सेवाको प्रत्येक वर्षको लागि १४ दिन बिरामी बिदा ।
ii) Incase of Hospitalization:60 days sick leave in each calender year.
अस्पताल भर्ना भएको अवस्थामा: प्रत्येक पात्रो वर्षमा ६० दिन बिरामी बिदा ।
7. Medical and Accident Insurance: Under the current Foreign Workmen Compensation (Insurance) Scheme (FWCMS) and if applicable, the Foreign Workers Health Insurance Scheme or any other insurance scheme as may be adopted by the Government of Malaysia which will be insured by employer.
हालको विदेशी कामदार क्षतिपुर्ति (बीमा) योजना (FWCMS) अन्तर्गत बीमा र यदि लागु हुन्छ भने, विदेशी कामदार स्वास्थ्य बीमा योजना (SPIKPA) वा मलेसिया सरकारले अपनाएको कुनै अन्य बीमा योजना जुन रोजगारदाताद्वारा गरिनेछ ।
8. Right to freedom of association and collective bargaining will be respected.
संघको अधिकार र सामुहिक बार्गेनिङलाई सम्मान गरिनेछ ।
9. Right to freedom of Religion.
धर्मको स्वतन्त्रताको अधिकार ।
10. Right to Freedom of Movement and allowed to repatriate without any Deposits.
आवतजावतको स्वतन्त्रताको अधिकार र कुनै पनि निक्षेप बिना स्वदेश फिर्ता गर्न अनुमति ।
11. Incase of Repatriation and Early Termination, Employer shall bear the cost of Transportation from Malaysia to Nepal.
